World Vision

प्रेस विज्ञप्ति

# भूकम्प पिडितहरूलाई तीन वर्षदेखि वर्ल्ड भिजनका साझेदार संस्थाहरुको निरन्तर सहयोग

काठमाडौं, नेपाल

२०७५, बैशाख १०

नेपालमा भूकम्प आएको तीन वर्ष भइसक्दा वर्ल्ड भिजनका साझेदार संस्थाहरु भूकम्पबाट अति प्रभावित १० जिल्लामा शिक्षा, बाल संरक्षण, स्वास्थ्य, जिविकोपार्जन, खानेपानी, सरसफाई तथा स्वच्छता, आवास र पुर्वाधार कार्यक्रमहरू मार्फत् ५,७३,६८८ व्यक्तिमाझ पुगेका छन् । यसै क्रममा वि.स. २०७५ को वैशाख महिना देखि वर्ल्ड भिजनका साझेदार संस्थाहरुले भूकम्प प्रभावित जिल्लाहरुमा आफ्ना सम्पूर्ण परियोजनाहरुको सफलतापूर्वक समापन गर्दैछन् ।

भूकम्पले अति प्रभावित जिल्लाहरूमा मानवीय सहायताका क्षेत्रमा काम गर्ने सरोकारवाला, सरकार र सामुदायका साझेदारहरूसँगै काम गर्दा वर्ल्ड भिजनका साझेदार संस्थाहरुले निरन्तर रूपमा एउटा मजबुत साझेदारी निर्माण गरेका छन्, साझा जवाफदेहिता प्रबर्द्धन गरेका छन् र स्थानीयको क्षमता अनि सामुदायको सहभागिता अभिवृद्धि गरेका छन् ।

"हामीले धेरैपटक देखेका छौं स्थानीय समुदायसँग आफ्नो घर र समुदाय पुनःनिर्माण गर्ने बेजोड शक्ति छ । हामी जानकार छौं कि प्रभावित जिल्लाहरूमा अझै पनि धेरै आवश्यकताहरु छन् । भूकम्प प्रतिकार्यको यस पुनर्स्थापना चरणमा हामीसँग सिमित बजेट र श्रोत उपलब्ध भएकोले उक्त बजेट तथा श्रोतको रणनैतिक दृष्टिकोणले सदुपयोग गर्दै समाज कल्याण परिषदसंगको परियोजना सम्झौताको समयसिमा अनुसार वर्ल्ड भिजन इन्टरनेसनल नेपालले आफ्नो परियोजनाहरु समापन गर्ने निर्णय लिएको हो । नेपाल भूकम्प प्रतिकार्यको अन्तिम चरणमा हामीले समुदायलाई उनीहरूको पुनर्लाभको स्वामित्व उनीहरूलाई नै दिने अवसरहरू प्रदान गर्ने र भविष्यमा आउन सक्ने विपदको सामना गर्नसक्ने क्षमता अभिवृद्धि गर्ने दिशामा कार्य गरेका छौं," वर्ल्ड भिजन इन्टरनेसनल नेपालकी राष्ट्रिय निर्देशक एलिजावेथ साटोले भन्नुभयो ।

वर्ल्ड भिजनले नेपाल भूकम्प पुर्नलाभ र पुर्नस्थापना परियोजनामा रु २,७९,०९,२६,६६९ खर्च गरेको छ र यस मध्ये १७.६५% रकम प्रशासनिक खर्चमा प्रयोग भएको छ ।

अनुरोध गरेमा प्रवक्ता उपलब्ध हुनेछन् ।
सञ्चार माध्यममा अन्तर्वार्ताका लागि सम्पर्क व्यक्ति :
एलिना आर. श्रेष्ठ, कम्युनिकेसन्स म्यानेजर
फोन : +९७७-९८५१०७३४४६
स्काइप : alina_r_shrestha
इमेल : alina_shrestha@wvi.org

*सम्पादकको लागि टिप्पणी :*

*वर्ल्ड भिजन बालबालिका, तिनका परिवार र समुदायहरुलाई गरिबी र अन्यायबाट मुक्त हुन सघाउन प्रतिबद्ध एक अन्तर्राष्ट्रिय इसाई राहत, विकास र पैरवी गर्ने संस्था हो । वर्ल्ड भिजनले करिब १०० देशमा धर्म, जातजाति, सम्प्रदाय वा लिङ्गको भेदभाव नगरी सबैको सेवा गर्दछ ।*

*वर्ल्ड भिजनले नेपालमा सन् २००१ देखि दीर्घकालीन विकास कार्यको शुरुवात गरेको हो । वर्ल्ड भिजनले विगतका वर्षमा समुदायहरुसँग साझेदारी गरी बालबालिकाको सम्वृद्धिको निम्ति काम गरेको छ । हाल वर्ल्ड भिजनको*

*दीर्घकालीन विकास कार्यक्रम ११ जिल्ला र ६ प्रदेशमा छन् । सन् २०१५ मा नेपालमा गएको भूकम्प पश्चात सिन्धुपाल्चोक, सिन्धुली, लमजुङ, भक्तपुर, ललितपुर, काठमाडौं र गोरखा गरि ७ जिल्लामा वर्ल्ड भिजनका साझेदार संस्थाहरुले आकस्मिक सहयोग पुर्‍याएका थिए। नेपाल भूकम्प प्रतिकार्यको पुनर्लाभ चरणमा वर्ल्ड भिजनका साझेदार संस्थाहरुले अति प्रभावित ५ जिल्लाहरु दोलखा, सिन्धुपाल्चोक, नुवाकोट, धादिङ र गोरखामा आफ्नो कार्यहरु अघि बढाएका थिए । नेपाल भूकम्प प्रतिकार्यको अन्तिम पुनर्स्थापना चरणमा वर्ल्ड भिजनका साझेदार संस्थाहरुले सिन्धुपाल्चोक, नुवाकोट र गोरखा गरि ३ जिल्लामा आफ्ना कार्यहरु अघि बढाएका थिए ।*